# जुट खेतीमा देखिएका समस्या र समस्या समाधानका उपायहरू

नेपालमा जुटखेतीको महत्व बढ्दै गएको हुँदा यसको ब्यावसायिक खेतीतर्फ सबैको ध्यान आकृष्ट हुनु स्वभाविकै हो। यो एउटा महत्पूर्ण नगदे रेसाबाली हो। नेपालका सुनसरी, मोरङ्ग, सप्तरी, सिराहा जस्ता तराईका जिल्लाहरूमा प्रमुख खेती गरिने यो बालीले देशको अर्थतन्त्रलाई सवल बनाउन मद्दत गरिरहेको मात्र होइन, रोजगारीको अवसर प्रदान गरी मानिसहरूको आय आर्जनको स्रोत समेत बन्न सफल भएको छ।

नेपालमा हाल ८ वटा जुटमिलहरू चालु अवस्थामा छन्, जसबाट हेसियन, जुट ब्याग, जुट ट्वाइन, जुट कार्पेट, यार्न आदिको उत्पादन हुने गरेको छ।यी उत्पादनहरूको व्यापक प्रयोगबाट यसको महत्व बढ्दै गएको स्पष्ट हुन्छ।उत्पादन लागत बढी हुनाले किसानहरू यो पेशामा आर्कषण नभएको र जुटखेती गर्ने किसानलाई अनुदान र सहुलियत नभएकोले पनि किसानहरू प्रोत्साहित नभएको पाइयो।

जुट अनुसन्धान कार्यक्रम नेपाल कृषि अनुसन्धान परिषद्, इटहरी सुनसरीमा जुट उत्पादक कृषक तथा कृषि उद्यमीहरूसँग अन्तरक्रिया तथा छलफल गरी प्रतिवेदन तयार गरिएको हो।उक्त छलफल तथा अन्तरक्रियाबाट निम्न बमोजिमका विवरणहरू प्राप्त भएका थिए:-

**जुट खेतीमा देखिएका समस्याहरू**

- उद्योगमा कच्चा जुटको सहज आपूर्ति नहुनु,
- जुट मजदुरहरूको सहज जीवनयापनका लागि आवश्यक न्यूनतम मजदुरी र सुविधाहरू उपलब्ध नहुनु,
- जुटक्षेत्रसँग सम्बद्ध सरोकारवालाहरूको समन्वयमा कमी हुनु,
- कम लागतमा उच्च गुणस्तरको जुट सामग्रीहरू उत्पादन गर्न जुट उद्योगहरूको उत्पादन क्षमतामा कमी हुनु,
- जुट कृषकहरूलाई बृहत् रूपमा उन्नत र गुणस्तरीय जुटरेसा उत्पादन गर्न सक्षम बनाउनेतर्फ कार्यक्रम तय नहुनु,
- जुटखेतीका लागि आवश्यक पर्ने मल, बिउ, विषादी आदि जस्ता कृषि सामग्रीहरू सहज उपलब्ध नहुनु,

- जुटक्षेत्रको विकास र विस्तारका लागि स्थानीय सरकार, वित्तीय संघसंस्था, जुट उद्यमीहरू, कृषकहरू तथा अन्य सरोकारवालाहरूमा सक्रिय सहभागिता र समन्वयको अभाव हुनु,
- देशमा जुटक्षेत्रको विकासका लागि समय सापेक्ष अध्ययन अनुसन्धान नहुनु,
- उत्पादित जुटको निकासीमा अवरोध र वाधाहरू हुनु।

**जुट खेतीमा देखिएका समस्याहरूको समाधानका उपायहरू**

**क. जुट उद्योगहरूले गर्नुपर्ने कार्यहरू**

- जुट कृषकहरूलाई उन्नत र गुणस्तरीय जुटरेशा उत्पादन गर्न उत्साहित र सहयोग गर्ने,
- उद्योगलाई कच्चा जुटको सहज आपूर्ति गर्ने प्रयोजनको लागि जुट कृषक तथा व्यापारीलाई जुटको बढ्दो महत्वको बारेमा प्रष्टसँग बुझाई जुट आपूर्तिको ग्यारेन्टी गराउने,
- जुट मजदुरहरूको सहज जीवनयापनका लागि आवश्यक न्यूनतम मजदुरी र सुविधाहरू उपलब्ध गराउने,
- जुट मजदुरहरूको पहिचान भएका वास्तविक समस्याहरूलाई उचित रूपमा सम्बोधन गर्ने तथा निराकरण गर्नेतर्फ कदम चाल्ने,
- जुट क्षेत्रसँग सम्बद्ध अन्य सरोकारवालाहरूको कमजोरीलाई शक्तिमा रूपान्तरित गर्ने तर्फ कार्य गर्ने,
- कम लागतमा उच्च गुणस्तरको जुट सामग्रीहरू उत्पादन गर्न जुट उद्योगहरूको उत्पादन क्षमता बढाउने,

**ख. नेपाल सरकारले गर्नुपर्ने कार्यहरू**

- जुट कृषकहरूलाई बृहत् रूपमा उन्नत र गुणस्तरीय जुटरेसा उत्पादन गर्न सक्षम बनाउनेतर्फ कार्य गर्ने,
- जुट कृषकहरूलाई लाभ पुग्ने गरी जुटखेती गर्न आवश्यक पर्ने मल, बिउ, विषादी आदिजस्ता कृषि सामग्रीहरूमा राहत उपलब्ध गराउने,
- अहिले पनि मुलुकमा ७०% विउ विजन आयात गर्नु परिरहेकोले स्वदेशमै विउ उत्पादन गर्न प्रोत्साहन गर्नु पर्ने,
- जुटक्षेत्रमा प्रत्यक्ष रोजगारीको अवसर सिर्जना गर्न र राष्ट्रको दिगो आर्थिक वृद्धी गर्न उचित नीति नियम निर्माण गर्ने,

- जुटक्षेत्रको प्रभावकारी विकासको लागि स्थानीय सरकार, वित्तीय संघसंस्था, जुट उद्यमीहरू, कृषकहरू तथा अन्य सरोकारवालाहरूको सक्रिय सहभागिता र समन्वय निश्चत गराउन कार्य गर्ने,
- नेपालमा पर्याप्त जुट उद्यमिहरूको विकास गर्ने, प्रभावकारी सूचना प्रविधिको विकास गर्ने तथा अन्तर्राष्ट्रिय स्तरको जुट उत्पादन सामग्रीहरू तयार गर्ने आदी कार्य गरी उत्पादनमूलक रोजगारलाई विस्तार गर्ने,
- वातावरण मैत्री उच्चस्तरीय जुटको सामग्रीहरू उत्पादन गर्ने अवस्था सिर्जना गर्न प्रमुख भूमिका निर्वाह गर्ने,
- देशमा जुट क्षेत्रको विकास गर्न जुट अनुसन्धान तथा जुट विकास गर्ने संघसंस्थाहरूलाई पर्याप्त सुविधाहरू उपलब्ध गराउने,
- उपभोक्ताहरूलाई जुट सामग्रीहरूको घरेलु उपभोग बढाउनेतर्फ प्रेरित र उत्साहित गर्ने,
- जुट क्षेत्रमा आवद्ध संघसंस्था तथा ब्यावसायिक बजारको संरचनालाई बढावा दिने र स्थापना गरी कार्य गराउने,
- जुट उत्पादनहरूको निकासीमा देखिएका अवरोध र वाधाहरूलाई हटाउन उपयुक्त रणनीति अपनाई निकासी कार्यलाई सहज बनाउने।

**ग. कृषकहरूका तर्फ वाट गरिनु पर्ने कार्यहरू**

- जुटखेती गर्न सिमान्तकृत उब्जाउ भूमिलाई विस्तारित भूमिमा परिवर्तन गर्नेतर्फ ध्यान दिने,
- जुटखेती गर्न आवश्यक पर्ने उन्नत बिउ जुटाउन भरपर्दो सरकारी संघसंस्थाहरूमा सम्पर्क राख्ने,
- राज्य वा संघसंस्थाहरूबाट सञ्चालित उन्नत जुट खेती सम्बन्धी तालिम र प्रशिक्षण क्रियाकलापमा सक्रिय रूपमा सहभागिता जनाउने,
- कम लागतमा उन्नत र गुणस्तरीय रेसा उत्पादन गर्ने प्रविधि अपनाउने,
- धेरै परिमाणमा जुट रेसा संकलन गरी कच्चा जुटको रूपमा सोझै उद्योगलाई आपुर्ति गर्ने,
- जुट उत्पादन गर्ने, जुट कुहाउने र उन्नत बिउ उत्पादन गर्ने नयाँ-नयाँ विकसित प्रविधिहरू प्रति सजग रहने।